## मिति २०८२/१२/१० गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

"नेपालगञ्ज उपमहानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्वन्धी कार्यविधि, २०७५ को (पहिलो संशोधन) २०८२" स्वीकृत गर्ने ।

निर्णय नं. २

नेपालगञ्ज उपमहानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत सम्वन्धी कार्यविधि, २०७५ वमोजिम "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत-पत्र पाउँ भनि निवेदन पेश गरेका तपसिल वमोजिमका निर्माण व्यवसायीलाई "घ" वर्गको ईजाजतपत्र प्रदान गर्ने ।

तपसिल

| सि.नं. | फर्मको विवरण | ठेगाना | प्रोप्राइटरको नाम | कै. |
|---|---|---|---|---|
| १. | एन्जल रषिका सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. | नेपालगञ्ज उपमहानगरपालिका -२२, बाँके | वाल किसुन थारु | |

निर्णय नं. ३

नेपालगञ्ज उपमहानगरपालिका राजश्व परामर्श समितिको वैठक मिति २०८२/११/०१ गतेका तपसिल वमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

तपसिल:

राजश्व परामर्श समिति निर्णय नं. १

नेपालगञ्ज उप-महानगरपालिका वडा नं १८ स्थित नेपालगञ्ज उप-महागरपालिकाको स्वामित्वमा रहेको हाटबजार हालसम्म सञ्चालन हुन नसकेकोले सोको बहाल विटौरि निर्धारणका लागि मिति २०८२।०९।२२ गते गठित समितीको प्रतिवेदन एवम नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक ऐन २०८२ समेतलाई आधार मानि सो हाट बजार सञ्चालनका लागि ७४८ वर्गफिट क्षेत्रफलको टहरालाई एकमुष्ट रुपमा कृषि सहकारी वा कृषि सम्वद्ध दर्तावाल व्यवसायिक फर्मलाई वहाल विटौरी शुल्क वापत न्यूनतम मासिक रु. २२,४४०।-(अक्षेरुपी बाइस हजार चार सय चालिस मात्र) कायम गरि बहालमा दिने ।

राजश्व परामर्श समिति निर्णय नं. २

नेपालगञ्ज उप-महानगरपालिका नगरकार्यपालिकाको स्वामित्वमा भएका तपसिल बमोजिमका सटरहरू केही समयदेखि खालि रहेकोमा राजस्व परामर्श समितिबाट वहाल बिटौरी शुल्क पूनः निर्धारणका लागि मिति २०८२।०९।०१ गते गठन भएको उप-समितिवाट दिएको प्रतिवेदन एवं

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८२/१२/१० गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

नेपालगञ्ज उप- महानगरपालिकाको आर्थिक ऐन २०८२ समेतलाई आधार मानि तपसिल बमोजिमले प्रतिसटर मासिक न्यूनतम मूल्य कायम गरि बहालमा दिने ।

### वडा नं. ४ स्थित बसपार्कमा रहेका खालि सटरहरु:

| क्र. स. | सटर नं. | पहिलाको न्यूनतम बहाल रकम (प्रति महिना) | सिफारिस गरिएको न्यूनतम बहाल रकम (प्रति महिना) | कैफियत |
|---|---|---|---|---|
| १. | ३, ४, ५, ६, ७ र १८ (६ वटा) | ५०००।- | ४०००।- | कम गर्न सिफारिस |
| २. | ४९, ५०, ५१, ५२, ५४, ५५, ५६ र ५७ (८ वटा) | | ३५००।- | |
| ३. | २८ (१ वटा) | १५१५० | १३६३५ | १०% कम गर्न सिफारिस |
| ४. | ३० (१ वटा) | १५००० | १३५०० | १०% कम गर्न सिफारिस |
| ५. | ३३ (१ वटा) | १०००० | ९००० | १०% कम गर्न सिफारिस |
| ६. | ३९ (१ वटा) | ११११० | ९९९९ | १०% कम गर्न सिफारिस |

### नेपालगञ्ज १० गोसाइगाँउमा रहेका खालि सटरहरु

| क्र. सं. | सटर नं | पहिलेको न्यूनतम बहाल रकम (प्रति महिना) | सिफारिस गरिएको न्यूनतम बहाल रकम(प्रति महिना) | कैफियत |
|---|---|---|---|---|
| १. | १ र ६ (२ वटा) | २०५०।- | ३५००। | वृद्धि गर्न सिफारिस |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

मिति २०८२/१२/१० गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

राजश्व परामर्श समिति निर्णय नं. ३

नेपालगञ्ज उप-महानगरपालिका नगरकार्यपालिकाको परिसरमा रहेको सटर नं. २६ र ३४ खालि रहेको र २६ नं सटरको यस अघिको न्यूनतम मासिक सटर बहाल रकम रु २०,७५०(अक्षेरुपी विस हजार सात सय पचास मात्र) र ३४ नं सटरको न्यूनतम मासिक सटर बहाल ।१३,११७ (अक्षेरुपी तेह्र हजार एक सय सत्र मात्र) रहेकाले उल्लेखित न्यूनतम मासिक बहाल रकमा १०% ले वृद्धि गरि २६ नं. सटरको न्यूनतम मासिक बहाल रकम रु.२२,८२५।(अक्षेरुपी बाइस हजार आठ सय पच्चिस) र ३४ नं. सटरको न्यूनतम मासिक बहाल रकम रु.१४,४२९।(अक्षेरुपी चौध हजार चार सय उनन्तिस ) कायम गरि बहाल दिने ।

राजश्व परामर्श समिति निर्णय नं. ४

नेपालगञ्ज उप-महानगरपालिकाको स्वामित्वमा रहेको नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २३ मा रहेको फोहोर संकलन केन्द्रमा फोहोर संकलनको क्रममा जम्मा हुने प्लाष्टिक जन्य फोहोरलाई पूनः चक्रणको माध्यमबाट प्रशोधन गरि बिक्रिसमेत हुने भएकाले सो प्लाष्टिक जन्य फोहोर संकलन गरि क्रसिङ्ग सम्म सोहि स्थानमा गर्न दिनेसम्मको कार्य गर्नका लागि मासिक रु.११०००।-(अक्षेरुपी एघार हजार मात्र) (बिजुलीको खर्च बाहेक) सम्बन्धित दोस्रो पक्षबाट भुक्तान हुने गरि न्यूनतम रकम तोक्ने ।

राजश्व परामर्श समिति निर्णय नं. ५

नेपालगञ्ज उप-महानगरपालिका नगरकार्यपालिकाको परिसरमा बहालमा रहेका सटरहरु मध्ये केहि सटरहरुमा सम्झौता बमोजिम सम्बन्धित व्यवसायीको सट्टा अन्य व्यवसायीले व्यवसाय गर्दै आएको पाइएको हुँदा निजहरू सँगको हालसम्मको बाँकी बक्यौता असुल गरी साविकको व्यवसायी सँग गरेको सम्झौता अवधिमा नबढ्ने गरी (२०८३ पौष मसान्त सम्म) नियमानुसारको धरौटि लिई हाल व्यवसाय गरिरहेका व्यवसायीसँग सम्झौता गर्ने ।

निर्णय नं. ४

नेपालगञ्ज उपमहानगरपालिकाको आवधिक योजना (२०८२/८३-२०८६/८७) र नेपालगञ्ज उपमहानगरपालिकाको पार्श्वचित्र (नगर प्रोफाइल) संशोधन सहित स्वीकृत गर्ने।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

मिति २०८२/१२/१० गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ५

नेपालगञ्ज उपमहानगरपालिका नगर प्रमुख श्री प्रशान्त विष्टले मिति २०८२/१२/०९ गते अनुमोदनका लागि कार्यपालिका बैठकमा पेस गर्ने तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

तपसिलः

१) उपमहानगरपालिकामा कुनै प्रक्रिया नगरि पहिलो पटक पुरानो घरको घर नक्सा अभिलेखीकरण लिन आएमा सम्पत्ति कर भवन निर्माण भएको मिति देखि लिने ।

२) उपमहानगरपालिकामा प्लिन्थ लेभल, सुपरस्ट्रक्चर सम्म लिएको तर भवन सम्पन्न प्रमाणपत्र नलिएको हकमा घर नक्सा अभिलेखीकरण प्रमाण-पत्र दिएको मिति देखि सम्पत्ति कर लिने ।

निर्णय नं. ६

प्रतिनिधि सभा निर्वाचन, २०८२ को मतगणना स्थलमा भएको खर्च वापतको जम्मा रकम रु.२२३१४६.७५ (दुई लाख तेईस हजार एक सय छयालिस र पचहत्तर पैसा) आ.व. २०८२/०८३ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने" कार्यक्रमबाट तपसिल बमोजिमका फर्महरुको नाममा भुक्तानी दिने ।

तपसिलः

| क्र.सं. | खर्च शिर्षक | फर्मको नाम | Vat बाहेकको जम्मा रकम रु. | Vat रकम रु. | Vat सहितको कुल जम्मा रकम रु. |
|---|---|---|---|---|---|
| १. | मत गणना स्थलमा सिसिटिभि क्यामेरा जडान खर्च | यूनिक कम्प्यूटर्स | ८२१२५.०० | १०६७६.२५ | ९२८०१.२५ |
| २. | जेनेरेटर भाडा (५ दिनका लागि) | आउटलुक सप्लायर्स | २२५००.०० | २९२५.०० | २५४२५.०० |
| ३. | साउन्ड सिस्टम भाडा | माँ वागेश्वरी टेन्ट एण्ड लाइट हाउस | ६००००.०० | ७८००.०० | ६७८००.०० |
| ४. | मत गणना स्थलमा जाली र पाइप जडान | न्यू रिहान ईन्जिनियरिङ्ग उद्योग | ३२८५०.०० | ४२७०.५० | ३७१२०.५० |
| कुल जम्मा रकम रु. | | | | | २२३१४६.७५ |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८२/१२/१० गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ७

नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभित्रको सुरक्षा व्यवस्था सुदृढ गर्न तथा निगरानी कायम गर्ने उद्देश्यले परामर्शदाता छनौट गरि तयार पारिएको विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा उक्त DPR मा पेश भएको सामाग्रीहरु (क्यामरा तथा अन्य उपकरण) र सामाग्रीहरुको दररेट तथा स्पेशीफिकेशन (Specification) स्वीकृत गरियो । साथै परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भएको ईष्टिमेट रकम रु. २,७३,७३,३०१.५९।- भएको तथा आ.व. २०८२।८३ को नगर सभाको १७ औं अधिवेशनबाट पारित नगरपालिकाको सुरक्षाका लागी निगरानी कायम गर्न सिसि क्यामरा जडान शिर्षकमा विनियोजित रकम रु. २,४५,०००,००।- मा नपुग भएको रकम अर्को आ.व. २०८३।८४ मा स्वीकृत हुने गरि वहुबर्षिय कार्यक्रम स्वीकृत गरि कार्यान्वयन गर्न तथा सोही अनुसार ठेक्का प्रक्रिया अगाडि वढाउने ।

### निर्णय नं. ८

नेपाल सरकारबाट प्राप्त "नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १० शुशिल कोईराला स्मृति पार्क" निर्माण योजना अनुसार नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १० स्थित ट्राफिक चोकमा शुशिल कोईराला स्मृति पार्क निर्माण गर्ने ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner